**बैठक संख्या: ०४**

आज मिति २०८३ साल असोज ८ गते बिहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १०:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.) | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| इन्जिनियर श्री सुशील पन्थी |
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| राजस्व शाखा श्री मदन पौड्याल |
| का.स. श्री इन्दिरा ज्ञवाली |

ना. प्र. अ. श्री इन्द्रदेव पौडेल

**२०८३ असोज ८ गते बिहीबार चौथो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. सडक मर्मत सम्बन्धमा ।

२. महास्नानको तयारी सम्बन्धमा ।

३. कोल्डस्टोरको भेरियसन अर्डर स्वीकृत गर्ने सम्बन्धमा ।

४. स्वास्थ्य शाखाको बार्षिक प्रगति प्रतिबेदन सम्बन्धमा ।

५. बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधी सम्बन्धमा ।

६. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

७. विपन्न नागरिक उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

८. बजेट विनियोजन गर्ने सम्बन्धमा ।

९. अटो रिक्साको स्पेशिफिकेसन संशोधन गर्ने सम्बन्धमा ।

## मिति २०८३ असोज ८ गतेको चौथो गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | अविरल बर्षाको कारण यस गाउँपालिकाका सडकहरु अबरुद्ध भएको, हिन्दुहरुको महान पर्व बडादशै नजिक आएको कारण सबै सडकहरु मर्मत गर्नुपर्ने भएकोले वडा नं. १, २ र ६ का सडकहरु गाउँपालिको डोजर प्रयोग गरी मर्मत गर्ने अन्य वडाहरुले विनियोजित बजेटको अधिनमा रही उपभोक्ता समिति वा टोल विकास संस्थाबाट सडकहरु मर्मतको कार्य गर्ने । |
| २. | रुरुक्षेत्र धाम रिडी, गुल्मीमा माघ महिनामा महास्नान मेला, २०८३ जाऔं रुरुक्षेत्र रिडी, महास्नानले चढौं मुक्तिको सिंढी भन्ने मुल नाराका साथ एक महिने (माघ १ देखी २९ सम्म) मेला संचालनको लागि तयार भएको कार्ययोजनालाई स्वीकृत गरी सोही अनुसारका क्रियाकलापहरु संचालन गर्ने । |
| ३. | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा निर्माणाधिन कोल्डस्टोरको पूर्बाधार शाखाबाट पेश भए बमोजिम सार्वजनिक खरिद ऐन र नियमाबली अनुसार Variation Order स्वीकृत गर्ने । उक्त Variation Order अनुसार निर्माण कार्य निर्धारित समय भित्र सम्पन्न गर्न निर्माण व्यवसायीलाई अनुरोध गर्ने । |
| ४. | रुरुक्षेत्र गाउँपालिका, स्वास्थ्य शाखाबाट तयार भएको आ.व. २०८२/०८३ को बार्षिक स्वास्थ्य प्रगति प्रतिबेदन स्वीकृत गर्ने । प्रतिबेदन छपाईको लागि रु. ४० हजार बजेट विनियोजन गर्ने । |
| ५. | बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधी स्वीकृत गरी जारी गर्ने । |
| ६. | देहाय अनुसार आर्थिक सहायता सामाजिक सुरक्षा सहायता शिर्षकबाट भुक्तानी गर्ने ।<br>(क)रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी श्री ओम प्रकाश ज्ञवालीले मुटुको अप्रेशन गर्नुपरेको, हाल नियमित जेकजाँचको क्रममा रहेको र पारिबारिक आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्चमा आवश्यक सहयोग उपलब्ध गराईदिनुहुन भनी वडा कार्यालयको सिफारिस सहित आवश्यक कागजातहरु संलग्न गरी निबेदन पेश गरेको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।<br>(ख) रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ निवासी श्रीराम ज्ञवालीले ५ बर्षको छोरी श्रीशा ज्ञवालीको दुबै कानमा जन्मजात समस्या भई मेसिन उपकरण राख्नुपर्ने उपचार निकै महङ्गो भएको र पारिबारिक आर्थिक अवस्था कमजोर भएकोले आवश्यक सहयोग उपलब्ध गराईदिनुहुन आवश्यक कागजातहरु सहित निबेदन पेश गरेको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।<br>(ग) रुरुक्षेत्र गाउँपालिका वडा नं. ६ स्थित बम्घाकोट भगेर मन्दिर यस गाउँपालिकाको महत्वपूर्ण |

धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्र रहेको, उक्त मन्दिरमा विजया दशमीको नवमी तिथीमा बली पूजा दिने परम्परा रही आएको र उक्त दिन पञ्चवली दिने क्रममा पहिलो पञ्चवलीका लागि राज्यकोषबाट नै रकम आउने गरेकोमा हाल उक्त रकम आउन छाडेको हुँदा उक्त पहिलो पञ्चवलीको लागि आवश्यक रकम विनियोजन गरिदिनुहुन भनी ६ नं. वडा कार्यालय, रिमुवाको पत्रबाट लेखी आएकोले उक्त परम्परालाई निरन्तरता दिन गाउँपालिकाबाट रु. ५० हजार भुक्तानी गर्ने ।

७. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तीलाई मासिक रुपमा रु. ५ हजार उपलब्ध गराउने ।

देहायः

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं./ जन्मदर्ता | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | तिल कुमारी श्रेष्ठ | रुरुक्षेत्र-५ | क्यान्सर | ११७३८ | २०८३ श्रावण १ |
| २. | कमला देवी पौडेल | रुरुक्षेत्र-४ | क्यान्सर | ६९४ | २०८३ श्रावण १ |
| ३. | होमकला ज्ञवाली | रुरुक्षेत्र-४ | क्यान्सर | १२५५४ | २०८३ श्रावण १ |
| ४. | तोय नारायण ज्ञवाली | रुरुक्षेत्र-४ | क्यान्सर | ५६१ | २०८३ श्रावण १ |
| ५. | कृष्ण प्रसाद श्रेष्ठ | रुरुक्षेत्र-३ | क्यान्सर | ३३३५३ | २०८३ श्रावण १ |
| ६. | एलिजा पचभैया | रुरुक्षेत्र-४ | क्यान्सर | २०८००७१७ ०८४४४ | २०८३ भाद्र १ |

८. बम्घा मन्दिरमा नियमित पूजारी व्यवस्थापन गरी दैनिक पूजाआजा भईरहेकोमा रात्रीको समयमा पूजारीलाई शौचालय जान समस्या भएकोले सोको व्यवस्थापनको लागि बम्घाकोट शौचालय निर्माण, रुरुक्षेत्र-६, गुल्मी शिर्षकमा रु. २,५०,०००/- विनियोजन गरी निर्माण कार्य अगाडी बढाउने ।

९. अटो रिक्सा खरिदको लागि तयार भएको स्पेशिफिकेसन अनुसारको सूचनामा कुनै पनि प्रस्ताव प्राप्त नभएकोले स्पेशिफिकेसन संशोधन गरी संशोधित स्पेशिफिकेसन अनुसारको अटो रिक्सा खरिद गर्ने ।